# थाहा नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
# मकवानपुर
## शिलबन्दी बोलपत्र सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति : २०७७/५/१४ गते

यस थाहा नगरपालिकालाई आ.व. २०७७/०७८ को स्वीकृत वार्षिक कार्यक्रम अर्न्तगत सामुदायिक विद्यालयमा अध्ययनरत छात्राहरुलाइ वितरण गरिने आवश्यक सेनिटरी प्याड सिलबन्दी बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने भएकोले मू.अ.करमा दर्ता भएका इच्छुक नेपाल सरकारबाट ईजाजत प्राप्त उद्योगी, सप्लायर्स तथा व्यवसायीहरुले रितपूर्वकको सिलबन्दी बोलपत्र तपशिलको शर्तहरू पालना हुने गरी सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट www.bolpatra.gov.np/egp मार्फत पेश गर्नुहुन आह्वान गरीएको छ ।

शर्तहरुः

१) चालू आ.व. को लागि नविकरण भएको इजाजत पत्रको प्रतिलिपी, आयकर एवम् मु.अ.कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, आ.व.२०७५।७६ को कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी अनिवार्य पेश गर्नुपर्नेछ ।

२) सिलबन्दी बोलपत्र खरिद तथा पेश गर्दा तपशिल अनुसारको बोलपत्र दस्तुर रकम, उल्लेखित मिति र समयमा यस नगरपालिकाको कृषि विकास बैंक, पालुङ शाखामा रहेको आन्तरिक आम्दानी खाता नं.०५०८४०११५५७१८१२१ मा जम्मा गरेको बैंक भौचर पेश पर्नुपर्ने छ ।

३) सिलबन्दी बोलपत्र साथ माग गरीएका बिडवण्ड रकम यस कार्यालयको कृषि विकास बैंक, पालुङ शाखामा रहेको धरौटी खाता नम्बर ०५०८४०११५५७३८०३० मा नगद रकम जम्मा गरेको सक्कलै बैंक भौचर वा “क” वर्गको मान्यता प्राप्त बैंकबाट थाहा नगरपालिकाको नाउँमा जारी गरिएको बोलपत्र जमानत (बोलपत्र फाराम दाखिला गर्ने अन्तिम मितिबाट ९० दिनसम्म म्याद भएको) अनिवार्य पेश गर्नु पर्नेछ ।

४) बोलपत्र तपशिलमा उल्लेखित मिति र समयमा सार्वजनिक खरिद अनुगमन कार्यालयको वेभसाइट मार्फत पेश गर्नुपर्नेछ । कार्यालयबाट बोलपत्र कागजात वितरण हुने छैन ।

५) अपलोड भएका बोलपत्रहरु तपशिलमा उल्लेखित मिति र समयमा यस नगरपालिकामा बोलपत्रदाता वा निजको प्रतिनिधीको रोहवरमा खोलिने छ । प्रतिनिधी उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन ।

६) यस सेनेटरी प्याड खरिदमा संलग्नहुने बोलपत्रदाताहरुले अनिवार्य रुपमा (सेनेटरी प्याड वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनूसूची-१ (दफा ३ को उपदफा(४)सँग सम्बन्धित) बमोजिमको गुणस्तर भएको प्रमाण खुल्ने ल्याब रिपोर्ट तथा Authorization Letter, ISO Certificate, Experience Letter अनिवार्य रुपमा अपलोड गर्नुपर्नेछ । यसरी ल्याब रिपोर्ट तथा Authorization Letter, ISO Certificate, Experience Letter पेश नभएको बोलपत्र मान्य हुने छैन र कम दररेट भएतापनि प्रतिस्पर्धामा सहभागी गराईने छैन ।

७) बोलपत्र स्वीकृत हुनुपूर्व खरिद मूल्यांकन समितिले बोलपत्रदाताहरुले पेश गरेको सामानहरुको नमूना माग गरि निरिक्षण तथा परिक्षण गरी मात्र स्वीकृत गर्न सक्नेछ ।

८) सप्लाई गरिने सम्पूर्ण सामानहरु नमूना बमोजिमको वा स्पेशिफिकेशन (सेनेटरी प्याड वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ को अनूसूची-१ (दफा ३ को उपदफा(४)सँग सम्बन्धित) बमोजिमको उच्च गुणस्तरको हुनुपर्ने छ ।

९) बोलपत्रदाताले कबोल गरेको दररेटलाई (मू.अ.कर बाहेक) अंक र अक्षरमा स्पष्टसँग उल्लेख गर्नुपर्नेछ । अंक र अक्षरमा उल्लेखित दररेटमा भिन्नता भएमा अक्षरलाइ मान्यता दिइने छ ।

१०) सम्झौता गरी समयमा सामान सप्लाई नगर्ने फर्मलाई नियमानुसार कालो सूचिमा दर्ताको लागि सम्बन्धित निकायमा लेखि पठाइनेछ ।

११) बोलपत्रदाताले खरिद प्रक्रियामा भाग लिन प्रचलित कानून अनुसार अयोग्य नभएको, प्रस्तावित खरिद प्रक्रियामा आफ्नो स्वार्थ नबाझिएको वा व्यवसाय सम्बन्धि कसुरमा आफुले सजाय नपाएको भनि स्वयं घोषणा पेश गर्नुपर्नेछ । त्यस्तो स्वयं घोषणा सूचना प्रकाशित भएको मिति पछिको हुनु पर्नेछ ।

१२) सिलबन्दी दरभाउ पत्र बुझाउने अन्तिम दिन एवम् खोलिने दिन सार्वजनिक विदा परेमा सो पछि कार्यालय खुलेको दिन सोही बमोजिम हुनेछ ।

१३) अन्य जानकारीको लागि कार्यालय समयभित्र फोनं. ०५७-४०००६६/९८५५०६८९७८ मा सम्पर्क गर्न तथा कार्यालयको वेवसाईट धधधातजबजकगलानयखालउ मा हेर्न सकिनेछ ।

| क्र.सं. | ठे.नं. | विवरण | कुल लागत अनुमान रकम (मू.अ.क.बाहेक) | जमानत रकम | वोलपत्र दस्तुर | बोलपत्र दाखिला गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| १ | NCB/Sanitarypad-07/077/08 | सेनेटरी प्याड (स्पेशिफिकेशन बमोजिमको) | २४,७७,८७६।१० | ७५,०००।– | ३,०००।– | २०७७।०६।१३ दिनको १२ बजे | २०७७।०६।१३ दिनको २ बजे | |

प्रमुख प्रशासकीय अधिकृत